

नमस्कार सबैलाई! म सुस्मिता, सातकन्या माध्यमिक विद्यालयमा कक्षा ८ मा पढ्छु। यहाँ पढेको चार वर्ष भइसकेको छ। हाम्रो विद्यालय बागमती गाउँपालिका–भट्टेडाडामा अवस्थित छ।

आज म साथीहरूलाई हाम्रो विद्यालयमा सुरु भएको नयाँ कार्यक्रम एफएसएम (FSM) को बारेमा भन्न चाहन्छु।

पहिले यस्तो कार्यक्रम थिएन। जब हामी कक्षा ८ मा पुग्यौं, सोसल ल्याबका सरहरूले नयाँ कार्यक्रम ल्याउनुभयो। अब विद्यार्थीहरूले आफ्नो जिम्मेवारी पूरा गरेपछि अंक पाउने व्यवस्था भयो।
जस्तै:

- गृहकार्य पूरा गरेपछि अंक
- सफा भएर नियमित विद्यालय आएपछि
- अतिरिक्त क्रियाकलापमा भाग लिएपछि
- कक्षा कोठा सफा राखेपछि सबैलाई

यी अंकहरू महिनाको अन्तिम शुक्रबार विद्यालय प्राङ्गणमा हुने हाटबजारमा टोकनमा बदलिन्छन्। टोकन भनेको एफएसएमको पैसा हो। टोकन पनि १०, २०, ५० र १०० को हुन्छ।



हाटबजारमा कलम, कापी, खेलौना, खानेकुरा, किताब जस्ता सामानहरू पाइन्छन्। माघको हाटबजारमा त बालकिताबहरू पनि राखिएका थिए। मैले त्यतिबेला तीनवटा किताब किनें।

यदि मन परेको सामान त्यो महिना छैन भने, टोकनलाई बैंकमा राख्न सकिन्छ। बैंकले २०% ब्याज दिन्छ। बजार लाग्दा सर र म्यामहरूले बैंक पनि साथै खोल्नुहुन्छ।

पहिलो हाटबजार असारमा भएको थियो। घरमा आमालाई थाहा थिएन। जब मैले नयाँ कलम र कापी देखाएँ, उहाँले सोध्नुभयो, "कहाँबाट ल्याएको?" मैले "हाटबजारबाट" भनें, तर उहाँले बुझ्नुभएन। पछि उहाँ आफैं हाटबजार हेर्न आउनुभयो र मलाई अझ मेहनत गर्न प्रोत्साहन दिनुभयो।

अब त सबै साथीहरूले अंक कमाउन मेहनत गर्छन्। विद्यालयमा रमाइलो माहोल बनेको छ।

चैत्रको हाटबजारमा त तपाईं पनि आउनु है! हाम्रो निमन्त्रणा छ।

**नाम: सुस्मिता लो तामाङ**
**कक्षा: ८**
**रोल नं.: ९**